# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/५/५ गते शुक्रवार देखि २०६६/५/११ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८८ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५८२० कारोबारबाट ५१ करोड २७ लाख २२ हजार रुपैयाँ बराबरका ६ लाख ८८ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १९.४६ प्रतिशतले ह्रास भएको हो । गत साता ५४७७ शेयर कारोबारबाट ६३ करोड ६५ लाख ७४ हजार रुपैयाँ बराबरका ८ लाख ९७ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ३२ करोड २४ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६२.८९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २०.६८ अंकले ह्रास भई अन्तिम दिन ६८१.५४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७४४.९४ | ४३४.८९ | ३६३.९५ | ६५७.९४ | ८७४.७० | २८१.७८ | ६३४.७१ | ६७०.२२ | ७११.४३ | ७०२.२२ | १८७.९३ | ६७.८९ |
| दोस्रो | ७३१.२४ | ४३४.८९ | ३६३.९५ | ६५७.९४ | ८६२.८८ | २८१.७८ | ६४१.९५ | ६६३.७८ | ७०३.७३ | ६९३.३४ | १८४.८० | ६६.९० |
| तेस्रो | ७०७.८२ | ४३४.८९ | ३६३.९५ | ६४९.७२ | ८६८.७७ | २८१.७८ | ६४०.२९ | ६६३.७० | ७०३.१५ | ६७८.८७ | १८०.२१ | ६५.४९ |
| चौथो | ७११.२६ | ४३४.८९ | ३६३.९५ | ६५७.९४ | ८६७.६७ | २८१.७८ | ६४०.०६ | ६६४.११ | ७०३.३० | ६८२.३१ | १८०.८७ | ६५.९१ |
| पाँचौं | ७०८.७५ | ४३४.८९ | ३६६.८५ | ६५९.११ | ८७४.७९ | २८१.७८ | ६४०.२६ | ६६२.७९ | ७०७.८४ | ६८१.५४ | १८०.२१ | ६५.९५ |
| परिवर्तन | –३६.१९ | ०.०० | २.९० | १.१७ | ०.०९ | ०.०० | ५.५५ | –७.४३ | –३.५९ | –२०.६८ | –७.७२ | –१.९४ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.७२ अंकले ह्रास भई १८०.२१ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (६ करोड ५४ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या ( ७६ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (१०६८ वटा) को आधारमा सिटिजन्स् बैंक इन्टरनेशनल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ६५.४५ |
| २ | नबिल बैंक | ५४.५५ |
| ३ | सिटिजन्स् बैंक इन्टरनेशनल | ४१.८० |
| ४ | बैंक अफ काठमाण्डू | ३७.८१ |
| ५ | नेपाल इन्भेष्टमेण्ट बैंक | ३५.६२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | सृजना फाइनान्स | हकप्रद | १४०००० कित्ता |

## अन्य गतिविधिहरु

हालै सम्पन्न सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालको भारत भ्रमणका अवसरमा द्विपक्षीय हितका सम्बन्धमा भएका धेरै सहमतिमध्ये नेपालको पूँजी बजारको विकास खासगरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) को आधुनिकीकरणका सम्बन्धमा भएको सहमतिलाई यस स्टक एक्सचेञ्ज लिमिटेडले निकै उपलब्धिमुलक मानेको छ ।

पूँजी बजारप्रति चासो राख्दै नेपालका प्रधानमन्त्रीबाट बम्बई स्टक एक्सचेञ्जमा भएको यो पहिलो भ्रमण हो । बम्बई स्टक एक्सचेञ्ज भ्रमणका अवसरमा प्रधानमन्त्रीले नेपालको पूँजी बजार विकासका लागि बम्बइ स्टक एक्सचेञ्ज लिमिटेड र सेन्ट्रल डिपोजिटरी सर्भिसेस (इन्डिया) लिमिटेडले गरेको सहयोग र सहकार्यका लागि धन्यबाद ज्ञापन गर्नुभएको थियो । उहाँले नेपालको पूँजी बजारको वर्तमान अवस्थाका बारेमा संक्षिप्त चर्चा गर्दै भारतीय सहयोगबाट नेपालमा अन्तर्राष्ट्रियस्तरको पूँजी बजार स्थापित हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले आर्थिक वर्ष २०६६/०६७ को बजेटमा पनि सिडिएस स्थापनालाई प्राथमिकता दिइएको जानकारी गराउनुभयो ।

उक्त अवसरमा अर्थमन्त्री सुरेन्द्र पाण्डे तथा प्रधानमन्त्री भ्रमण टोलीमा समावेश अन्य मन्त्रीहरु, नेपालका लागि भारतीय राजदुत राकेश सुद, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडा, सभासदहरु, उद्योगी-व्यवसायी, बम्बइ स्टक एक्सचेन्जका अध्यक्ष जगदीश कपुर, प्रवन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत मधु कन्नन, नेप्सेका महाप्रवन्धक शंकरमान सिंह, कामु नायब महाप्रबन्धक प्रमोदकुमार भट्टराइलगायतको उपस्थिति थियो ।

उक्त अवसरमा नेपालमा सेन्ट्रल डिपोजिटरी सिस्टम स्थापना पश्चात अन्तर्राष्ट्रिय तथा स्थानीय लगानी प्रचुर मात्रामा लाभान्वित हुने तथा कारोबारमा सहजता आउनुका साथै कारोबार पारदर्शी हुने बम्बइ स्टक एक्सचेन्जका अध्यक्ष जगदीश कपुरले बताउनुभयो । नेपालमा सेन्ट्रल डिपोजिटरी सिस्टम स्थापनाका लागि सहयोग गर्न पाउनु हर्षको विषय भएको उहाँको धारणा थियो । नेपालमा सेन्ट्रल डिपोजिटरी सिस्टम स्थापनाका लागि नेपाल स्टक एक्सचेञ्जको आग्रहमा आफ्ना बरिष्ठ अधिकारीले हालसालै नेपाल भ्रमण गर्नुका साथै सम्वद्ध सरोकारवालाहरुसँग बृहत छलफल गरेको उहाँले स्मरण गर्नुभयो । बम्बई स्टक एक्सचेन्जको अगुवाईमा विभिन्न बैंक तथा वित्तीय संस्थाको सहभागितामा झन्डै १० वर्षअघि सेन्ट्रल डिपोजिटरी सर्भिसेस (इन्डिया) लिमिटेड स्थापना भएको र यसले अन्तराष्ट्रियस्तरको सिडिएस सेवा प्रवाह गर्दै आएको जानकारी उहाँले दिनुभयो । हाल ४ सय ८० स्थानका ८ हजार डिपोजिटरी सहभागीमार्फत ५९ लाख विद्युतीय सेयर खाता सञ्चालन गरिरहेको सिडिएस इन्डियाले बंगलादेशमा पनि सिडिएस स्थापनामा महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो ।

भारत तथा नेपालबीच पूँजी बजार आधुनिकीकरण खासगरी सेन्ट्रल डिपोजिटरी सिस्टम स्थापनाकाका लागि भएको सहमति अनुरुप नेपालले ९ करोड २० लाख भारतीय रुपैयाँ बराबरको प्राविधिक सहायता प्राप्त गर्नेछ । उक्त सहायताको कार्ययोजनाका सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज, बम्बई स्टक एक्सचेन्ज र सेन्ट्रल डिपोजिटरी सर्भिसेस (इन्डिया) लिमिटेडका उच्च अधिकारीबीच छलफल भएको छ । छलफलमा सिडिएस स्थापना सम्बन्धमा भविष्यको प्रारुप र कार्ययोजना एवं समग्र पूँजी बजारको विकास सम्बन्धमा विचार आदानप्रदान भएको थियो ।

यसै सिलसिलामा नेपाल स्टक एक्सचेन्जका महाप्रवन्धक शंकरमान सिंह, कामु नायब महाप्रबन्धक प्रमोदकुमार भट्टराईले बम्बई स्टक एक्सचेन्जका प्रवन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत मधु कन्नन, सेन्ट्रल डिपोजिटरी सर्भिसेस (इन्डिया) लिमिटेडका अध्यक्ष एस.एस ठाकुर, कार्यकारी निर्देशक पी एस रेड्डी, सिनियर भाइस प्रेसिडेन्ट साइरस खम्बाटा लगायतसँग भेटघाट गर्नुभएको थियो ।

यसै सन्दर्भमा नेपाल स्टक एक्सचेन्जले गरेको प्रारम्भिक अध्ययनअनुसार सिडिएस स्थापनापश्चात कारोबार पारदर्शी हुने, धोखाधडी तथा जालसाजीमा कमी आउने एवं कारोबारमा तीब्रता आउनेछ । उक्त अध्ययनअनुसार सिडिएस सञ्चालनमा आएपछि पहिलो ६ महिनामा कारोबार रकम २ गुणा बढेर ४३ अर्ब ३६ करोड रुपैयाँ पुग्नेछ भने पाचौं वर्षमा २० गुणा वृद्धि भई ४ खर्ब ३३ अर्ब ६२ करोड रुपैयाँ पुग्नेछ । यसैगरी बजार पूँजीकरणमा पनि उल्लेख्य वृद्धि भइ ४४ खर्ब ३१ अर्ब ८० करोड रुपैयाँ हुने अनुमान छ ।